**मितिः २०८१।५।९ गते, समयः ११:०० वजे दिनको , बैठक संख्याः २**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २**: तरकारी बजार निर्माण सम्बन्धमा ।

**निर्णय:** श्री शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यालय धनगढी कैलालीबाट चालु आव २०८१।०८२ मा संचालन हुने तरकारी बजार निर्माण कार्यकोलागी वडा नं १ महाकाली राजमार्ग नजिक मौरडागाउं बुढाकाफल (गडान) र बाजगबजार स्थित उधोग बाणिज्य संघको भवन नजिक निर्माण गर्न अनुरोध गर्ने ।

**प्रस्ताव नं. ३**: कार्यविधि तथा मापदण्ड स्विकृत सम्बन्धमा ।

**निर्णय:** विधायन समितिमा छलफल भई स्विकृतकालागि पेश भएका निम्न कार्यविधि तथा मापदण्ड स्विकृत गर्ने ।

क. अमरगढी नगरपालिकाको विधालय अनुदान व्यवस्थापन कार्यविधि २०८१

ख. विधालयलाई प्रसुतीकालीन सहायता अनुदान व्यवस्थापन कार्यविधि २०८१

ग. अमरगढी नगरपालिकामा सेवा करारमा खेल प्रशिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१

घ. अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि २०८० (प्रथम संशोधन २०८१)

साथै शिक्षा युवा तथा खेलकुद शाखाबाट पेश भएको विधालय सहायकको संघीय पारिश्रमिकमा पालिकाबाट साझेदारी रु ७ हजार थप गर्ने । सामुदायिक सिकाइ केन्द्र परिचालिकाहरुलाई नियमानुसार पोशाक खर्च उपलब्ध गराउने ।

**प्रस्ताव नं. ४**: नगर प्रहरी सम्बन्धमा ।

**निर्णय:** अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि २०८० (प्रथम संशोधन २०८१) को दफा ६ अनुसार सवै पद अनुसार मिलाई ११ जनाको संख्यामा नबढने गरि विज्ञापन गर्ने । बार्षिक विनियोजन बजेट नपुग हुने भएकाले थप बजेट व्यवस्थाकालागी संशोधन प्रस्ताव नगर सभामा पेश गर्ने ।

**प्रस्ताव नं. ५**: फिल्ड सहायकको म्याद थप सम्बन्धमा ।

**निर्णय:** राष्टिय परिचयपत्र तथा पंजीकरण विभाग काठमाण्डौंको च नं ४३५ र मिति २०८१।२।३२ पत्र अनुसार फिल्ड सहाय एक जनाको म्याद थप गर्ने निर्देशन पाप्त भए अनुसार उक्त परियोजनामा कार्यरत फिल्ड सहयाक पदमा कार्यरत श्री कान्तराज भट्टको २०८१ षौष मसान्त सम्म म्याद थप गर्ने र सोको तलव भत्ता कार्यालयको बजेटबाट भुक्तानी गर्ने ।

**प्रमुख प्रशासकीय अधिकृत**